## सम्पादकिय

नेपालको सर्वाङ्गीण विकासको प्रयास स्वरुप वि.सं.२०१३ सालबाट योजनाबद्ध विकास प्रयासको थालनी भएको हो । तथापी आशातित रुपमा नागरिकले विकासको प्रतिफल प्राप्त गर्न नपाएको महसुस गरिरहेको अवस्था विद्यमान छ । सो अवस्थामा विकासको प्रक्रियाको मोडल केन्द्रिकृत भएको कारणबाट पनि होला जनताले अपेक्षा गरेको योजना छनौट नहुँदा प्रत्यक्ष रुपमा जनसहभागिता प्राप्त हुन सकेन । फलस्वरुप जनताको प्रत्यक्ष सहभागितामा जनमुखी विकास प्रक्रियाको शुरुवातको प्रयास गरियो । यस्तो प्रयास वि.सं.२०४७ सालको राजनैतिक परिवर्तन पछि व्यापक रुपमा भएको पाउन सकिन्छ । बितेको १ दशकदेखि जनमुखी विकासले व्यापकता पाएको छ, तथापी जनताले अझै पनि विकासमा सहज पहुँच भएको महसुस गर्न नसकेको आम गुनासो छ । स्थानीय स्तरमा सञ्चालन हुने विभिन्न प्रकारका योजनाहरुको जनसहभागिता जुटाउने मुख्य दायित्व राजनैतिक दल एवम् निर्वाचित जनप्रतिनिधीहरुको भएतापनि वि.सं.२०५९ सालदेखि स्थानीय निकायमा राजनैतिक शुन्यता भए पश्चात जुन रुपमा जनसहभागिता प्राप्त हुनु पर्ने हो सो हुन नसकेको अवस्था छ । जसको असर सहभागितात्मक प्रक्रियाबाट योजना छनौट, योजनाको अपनत्व ग्रहण र सञ्चालन प्रक्रियामा समस्या उत्पन्न भएको छ ।

स्थानीय निकायहरुले जनप्रतिनिधी विहीनताको अवस्थामा पनि विभिन्न विधी र प्रक्रियाबाट सकेसम्म सहमतीय आधारमा सहभागितात्मक रुपले विकास योजना छनौट गर्ने गरेका छन् । जनताका घर दैलोमा विभिन्न विकासका कार्यहरु भएका नै हुन, तथापी यसको व्यवस्थित संकलन र अभिलेखीकरण गरी सूचना बैंकको स्थापना गरी व्यापक प्रचार प्रसार गर्नु पर्ने आवश्यकता रहेको छ ।

भद्रपुर नगरपालिकाको सिमित स्रोत र साधन भएतापनि स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, नगर स्तरीय वार्षिक योजना तर्जुमा कार्यविधी २०६८ तथा गत १८औं नगर परिषदबाट पारित आवधिक योजनाबाट नगरको वास्तविक विकास गर्नका लागि योजना छनौटका विधी, प्रक्रियाहरु एवं जनभावना र जनआवश्यकता अनुसार विभिन्न राजनैतिक दलका प्रतिनिधीहरु, वडावासीहरु, नागरिक समाजका प्रतिनिधीहरु, सञ्चार क्षेत्रका प्रतिनिधीहरु, स्थानीय संघ संस्थाका प्रतिनिधीहरुको सहभागितामा वडा स्तरीय योजना तर्जुमा गरी नगर स्तरीय एकीकृत योजना तर्जुमा समितिबाट प्राप्त सल्लाह र सुझावलाई समेत आत्मसात गरी विभिन्न योजना र कार्यक्रमहरु छनौट एवं प्राथमिकीकरण गरी चालु आर्थिक वर्ष २०७०/०७१ को संशोधित तथा आगामी आर्थिक वर्ष २०७१/०७२ को प्रस्तावित वार्षिक योजना तथा नीति र कार्यक्रमहरु मिति २०७० पौष २६ गते शुक्तवार बसेको २०औं नगर परिषदबाट पारित गरिएको छ । नगरवासीको अधिकतम हित र आवश्यकता एवम् प्राथमिकता जनसहभागिता जुट्न सक्ने सम्भाव्यता, भौगोलिक बनावट, सामाजिक, सांस्कृतिक अवस्था समेतलाई मध्यनजर गरी नगरपालिकाको आफ्नो स्रोत, साधन, नेपाल सरकार एवम् अन्य दातृ निकायको सहयोग समेतका आधारमा स्थानीय स्वायत्त शासन ऐन, नियम र स्थानीय विकास मन्त्रालयको मार्ग निर्देशन समेतका आधारमा नगर परिषदबाट छनौट भएका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि नगरवासीहरुले सहज रुपमा त्यस्ता योजना तथा नीति कार्यक्रमहरुको जानकारी प्राप्त गर्न सकुन् भन्ने उद्देश्य राखी **"भद्रपुर दर्पण"** मार्फत प्रकाशित गरिएको छ ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम, बजेट र पुस्तिका तयार गर्न सहयोग गर्ने नगर स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु तथा नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई नगरपालिका कार्यालय हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दछ । साथै नगर विकासको हरेक कार्यमा नगरवासीको सक्रिय सहभागिता, सकारात्मक सहयोग र पृष्ठपोषण (Feedback) को अपेक्षा समेत नगरपालिकाले लिएको छ ।

भद्रपुर नगरपालिका कार्यालय, भद्रपुर, झापा

# भद्रपुर नगरपालिकाको २० औं नगरपरिषदमा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७१/७२ को पारित बजेट नीति तथा कार्यक्रम सार्वजनिकको क्रममा प्रस्तुत बजेट वक्तव्य

आदरणीय
निमित्त प्रमुख जिल्ला अधिकारी श्री मोहन वाग्लेज्यू
राजनैनिक दलका जनप्रतिनिधिज्यूहरु,
कार्यालय प्रमुखज्यूहरु,
विभिन्न संघ सस्थाका प्रतिनिधिज्यूहरु,
संचारकर्मी मित्रहरु,
आमन्त्रित उपस्थित दाजु-भाई तथा दिदिबहिनीहरु ।

सर्वप्रथम देशमा विभिन्न आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पुण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । यस बजेट सार्वजनिकीकरण कार्यक्रममा हाम्रो अनुरोधलाई स्वीकार गरी आ-आफ्नो कार्य ब्यस्ततालाई थाती राखी उपस्थित हुनु हुने प्रमुख अतिथी, अतिथी, नगर स्तरीय राजनैतिक दलका प्रमख एवं प्रतिनिधीज्यूहरु, सदरमुकाम स्थित कार्यालयका प्रमुखज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, नागरिक समाजका महानुभावहरु, सञ्चारकर्मीज्यूहरु, आमन्त्रित भद्र महिला तथा सज्जनवृन्दहरु, आदरणीय नगरवासी दाजुभाई, दिदीबहिनीहरु, सहकर्मीका साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार प्रकट गर्दै नमस्कार एवं स्वागत गर्न चाहन्छु ।

नेपालको पूर्वीद्वारको रुपमा अवस्थित उदाउँदो सूर्यको किरणको पहिलो झुल्को पर्ने २००८ सालमा स्थापना भई ऐतिहासिक इतिहास बोकेको यस भद्रपुर नगरपालिकाको २०७१/०७२ को प्रस्तावित बजेट नीति तथा कार्यक्रमहरु यहाँहरु समक्ष राख्न पाउँदा मलाई अन्यन्त खुशी लागिरहेको व्यहोरा याहाँहरु माझ निमत्रण गर्न चाहान्छु ।

शासकिय प्रक्रृयामा जनतालाई अधिकाधिक सहभागिता गराई जनताकै सहभागितामा गाउँ, नगर र जिल्लाको सम्पूर्ण योजनाहरुको कार्यान्वयन गराउने एकमात्र थलो स्थानीय निकाय भएको हुँदा स्थानीय निकायलाई स्थानीय सरकारको रुपमा व्याख्या गरेको पाइन्छ । प्रजातान्त्रिक देशहरुमा स्थानीय निकायलाई लोकतन्त्रका आधारको रुपमा मानिन्छ, जहाँ स्थानीय जनताहरुले आफ्नो हक अधिकारको प्रयोग गर्ने अभ्यासको अवसर प्राप्त गर्दछन् । यसरी जनताको भरोसाको महत्वपूर्ण केन्द्रको रुपमा रहेको स्थानीय निकायहरु करिब ११ वर्षदेखि जनप्रतिनिधीविहीन अवस्थामा रहेको छ, जसले गर्दा स्थानीय जनताहरुले स्थानीय निकाय मार्फत लोकतन्त्रको प्रशस्त अभ्यास गर्न पाइरहेको अवस्था छैन । यसरी जनताको हक अधिकारको प्रयोगबाट स्थानीय तवरमा कार्यक्रमहरु सञ्चालन गर्ने स्थानीय निकायहरु प्रतिनिधिविहीन भएको अवस्थाको यथाशिघ्र अन्त हुन जरुरी भएको कुरा उल्लेख गर्न चाहन्छु ।

यसतो असहज तथा कठिन परिस्थितीमा हामी कर्मचारीहरुले सबै राजनैतिक दलहरुसँग छलफल समन्वय र सहकार्य गर्दै मन्त्रालयबाट प्राप्त निर्देशनहरु, त्रिवर्षीय योजना र आवधिक योजनाले निर्देशित गरेका लक्ष्यहरुको परिधी भित्र रही नगरले प्राप्त गर्ने आयस्रोतको सीमा भित्र रही वार्षिक कार्यक्रमहरु तयार गरी जनताको आवश्यकतालाई सकेसम्म सम्बोधन गर्ने प्रयास गरी आएको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

जनप्रतिनिधिविहीन अवस्थामा नगरवासीको आवाज र आवश्यकताहरु प्रभावकारी रुपमा नगरपालिकासम्म आइपुग्न नसकेको अवस्था रहेको छ । जसले गर्दा नगरपालिका प्रति नगरवासीको नकारात्मक विचार एवं असन्तुष्टी रहेको हुनसक्छ । एकातिर नगरपालिकाको न्यून आयस्रोतको अवस्था छ भने अर्कोतिर नगरवासीको आवश्यकता तथा अपेक्षाहरु निरन्तर रुपमा बढ्दै गई रहेको अवस्था छ । जसको कारण माँग र पूर्तिमा सामन्जस्यता ल्याउन कठिन भइरहेको अवस्था छ ।त्यसतै केन्द्रीय अनुदान पनि कटौतीको अवस्थामा रहेकोले विकास निर्माणमा झन समस्या थपिएको उल्लेख गर्न चाहन्छु । यस्तो विषम परिस्थितीमा सम्पूर्ण नगरवासीमा जनसहभागिता वृद्धि गर्नका लागि विनम्र अनुरोध गर्न चाहन्छु । तथापी सिमित उपलब्ध स्रोत र साधनलाई प्रभावकारी रुपमा परिचालन

गरी नगरवासीको आवश्यकता र अपेक्षाको परिपूर्ति गर्न नगरपालिका निरन्तर लागी परेको छ र भविष्यमा समेत लागी रहने छ भनी विश्वास दिलाउन चाहन्छु ।

आदरणीय महानुभावज्यूहरु

स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, एवं नगर स्तरीय योजना तर्जुमा कार्यविधि २०६८ ले स्थानीय निकायहरुले आफ्नो विकासका विभिन्न योजना तथा कार्यक्रमहरुको निर्माण सहभागितामूलक विधी अवलम्बन गरी गर्नु पर्ने व्यवस्था गरे बमोजिम यस भद्रपुर नगरपालिकाले स्थानीय राजनैतिक दलका सदस्यहरु, नागरिक समाजका प्रतिनिधीहरु, टोलवासीहरु, वडावासीहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका सदस्यहरु, स्थानीय संघ संस्थाहरुका प्रतिनिधीहरु, विभिन्न लक्षित वर्गका प्रतिनिधीहरुको प्रत्यक्ष उपस्थितीमा सहभागितात्मक ढंगबाट वडा स्तरीय योजना तर्जुमा गोष्ठीको माध्यमबाट योजना तथा कार्यक्रमहरु छनौट गरी नगर स्तरीय योजना तर्जुमा समितिमा पेश भई उक्त समितिबाट प्राप्त सल्लाह र सुझाव समेतलाई आत्मसात गर्दै नगर परिषदमा पेश भई नगरपालिकाको यो वार्षिक बजेट नीति तथा कार्यक्रम निर्माण गर्ने कार्य भएको छ ।

यसरी सहभागितामूलक योजना तर्जुमाबाट वडाका विकास योजनाहरुमा नगरवासीको आत्मियता र स्वामित्वमा प्रबर्द्धन भएतापनि वडागत रुपमा प्राथमिकतामा परेका योजनाहरु नगरपालिकाको न्यून आयस्रोतका कारण वार्षिक योजनामा समाविष्ट भएपनि सबै योजना कार्यान्वयन गर्न सक्ने अवस्था नभएको बाध्यता यहाँहरु समक्ष राख्न चाहन्छु । तथापी यिनै अवस्थाहरु बिच भद्रपुर नगरपालिकाको आगामी आ.व.०७१/०७२ को लागि प्रस्तावित बजेट नीति तथा कार्यक्रमहरु पारित गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

आदरणीय नगरवासीहरु,

वार्षिक कार्यक्रम तर्जुमा गर्दा यस नगरपालिकाको आवधिक योजनाबाट निर्दिष्ट गरिएको ***"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"*** भन्ने दुरदृष्टिलाई मध्ये नजर गर्दै विकासका लक्ष्य तथा उद्देश्यहरुलाई केन्द्रबिन्दु बनाई क्षेत्रगत भौतिक पूर्वाधार विकास, सामाजिक विकास, वातावरण तथा विपद व्यवस्थापन,संस्थागत विकास तथा सुशासन एवं राजस्व परिचालनसँग सम्बन्धित नीतिहरुलाई आगामी आ.व.०७१।०७२ को वार्षिक नगर विकास योजना तर्जुमा गर्ने सम्बन्धमा मुख्यतया निम्न नीतिहरु अवलम्बन गरिएको छ ।

१) वडा स्तरबाट वडा भेला मार्फत छनौट भएका योजनाहरुलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने नीति लिइएको छ ।

२) वडा भेला सामाजिक परिचालन कार्यक्रम अन्तर्गत गठन भएका वडा नागरिक मञ्चहरु, स्थानीय संघ संस्थाहरु, टोल विकास संस्थाहरुलाई समेत सहभागी गराइएको छ ।

३) वडा स्तरीय भेलाबाट वडा स्तरका योजनाहरु सोही भेलाबाट प्राथमिकताको आधारमा चालु आ.व.मा रु.५० हजारसम्मका तथा आगामी आ.व. रु १ लाख सम्मका साना किसिमका योजनाहरु सम्पन्न गर्ने नीति लिइएको छ ।

४) वडा स्तरीय योजनाहरु संचालन गर्दा जनसहभागितालाई जोड दिई जनसहभागितात्मक योजना छनौट गरी उपभोक्ता समिति मार्फत योजनाहरु सञ्चालन गर्ने कार्यलाई आगामी आ.व.मा निरन्तरता दिइएकोछ ।

५) भद्रपुर नगरपालिकालाई व्यवस्थित शहरको रुपमा अगाडि बढाउन शहरी नक्सांकन (Urban Mapping) को कार्यलाई अगाडी बढाउदै सम्पूर्ण जग्गा एवं घरहरु GIS System मा आवद्ध हुने एवं सम्पूर्ण घरहरुको वैज्ञानिक घर नम्बरिंग तथा सडकहरुको नामाकरण सम्पन्न हुनेछ । सोबाट भद्रपुर न.पा. भित्रका विभिन्न बसोबास स्थल, चोक, बजार, बाटो इत्यादिको नामकरण नहुँदा आई पर्ने विभिन्न समस्याहरुलाई निराकरण हुने विश्वास लिइएकोछ ।

६) झिलमिलिया, घोडामारा पैनी तथा मुख्य ड्रेनमा बर्षेनी आउने बाढीले नगरवासीहरुलाई पर्न आएको समस्यालाई हृदयंगम गरी सो पैनीको छेउछाउमा लक्षित वर्गका सम्पूर्ण वर्गहरुको बसोबास रहेको हुदा लक्षित समूहको बजेट तथा अन्य नेपाल सरकार, जि.वि.स. मार्फत खोला तटबन्धन गर्ने कार्यका लागि यसै आ.व देखि सुरुवात गरिनेछ तथा यस पैनीमा पर्ने पूलहरु जिर्ण रहेकोले मर्मत सम्भार कार्यलाई समेत आगामी वर्षमा निरन्तरता दिइनेछ ।

७) घर नक्शा पासको सन्दर्भमा विगत १३ औं नगर परिषदबाट पारित भवन निर्माण आचार संहिता, २०६३ लाई समयानुसार संशोधन गर्दै राष्ट्रिय भवन निर्माण आचार संहिता (NBC) लाई यसै आ.व.देखि पूर्ण रुपमा कार्यान्वयन गर्दै लगिनेछ । घर

निर्माणका लागि दक्ष कालिगढको तालिम सञ्चालन गर्नका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज (NSET) र सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, इलामसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

८) सडक बत्तीमा CFL बल्ब लगाउन चाहने स्थानीय उपभोक्ताहरुलाई जम्मा खर्चको ४० प्रतिशत रकम लागत सहभागिता गराई सडक बत्तीलाई विस्तार गर्ने नीति अवलम्बन गरिएकोछ।

९) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ लाई पूर्ण रुपमा कार्यान्वयन गर्दै ५ वर्ष भित्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नको लागि प्रक्रिया अगाडि बढाइ यसै आ.व. देखि बाल संरक्षण कोष खडा गरिएको छ।

१०) यस न.पा.बाट सञ्चालन हुँदै आएको बारुणयन्त्र कार्यालयको सीमित स्रोतका कारण जिल्लाभर सेवा पुऱ्याउन कठिन हुने भएकोले बारुणयन्त्र संचालनका लागि जिल्ला विकास समितिसँग बारुणयन्त्र संचालन अनुदानका लागि अनुरोध गरिनेछ। साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारसँग थप अनुदानको लागि अनुरोध गरिनेछ।

११) स्थानीय पत्रकारिता विकासको लागि पत्रकारिता विकास कोषको स्थापना गरी त्यसलाई व्यवस्थित गरि निरन्तरता दिइनेछ ।

१२) नेपाल सरकारको नीति अनुसार आगामी सन् २०१६ सम्ममा ***"भद्रपुर नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र"*** घोषणा गरी कार्यान्वयनका लागि उच्च प्राथमिकता दिइएको छ।

१३) नगर क्षेत्रबाट संकलन हुने फोहोरहरुलाई व्यवस्थित गर्न सके मोहरमा परिणत गर्न सकिने सम्भाव्यता भएकोले यसलाई कार्यान्वयन गर्न Clean City को अवधारणालाई अगाडी बढाउन निजी क्षेत्र, नागरिक समाज एवं राजनैतिक दलहरुसँग आवश्यक छलफल गर्दै आवश्यक कार्य योजना तयार गरी उक्त अवधारणालाई अगाडी बढाइनेछ, जसका लागि प्रत्येक घर/पसल/व्यापारिक प्रतिष्ठानहरुले अनिवार्य रुपमा घर, पसल अगाडी Dustbin राख्ने व्यवस्था मिलाइनेछ। वडा नं.९,४,३,२ र १ को जनताचौक देखि भन्सार छेउसम्मको स्थानलाई Clean Zone घोषण गरी फोहोरलाई सडकमा फ्यांक्ने कार्यलाई पूर्ण रुपमा निस्तेज गरिनेछ यो कार्य क्रमशः सबै वडाहरुमा लागू गरिनेछ।

१४) भद्रपुर नगर क्षेत्रलाई मिति २०६९ चैत्र १ गतेदेखि ***"प्लाष्टिक झोला मुक्त नगर"*** को रुपमा घोषणा गरिएकोले सोलाई कार्यान्वयन गर्न उच्च प्राथमिकता दिइनेछ।

१५) राजस्व सम्भाव्यता अध्ययन एवं नगर स्तरीय राजस्व परामर्श समितिको सिफारिश अनुसार राजस्वका सम्भावित क्षेत्रहरु पहिचान गरी ती क्षेत्रहरु समावेश गर्नुका साथै केही क्षेत्रहरुमा करका दरहरु परिवर्तन गरी अन्य करका दरहरु यथावत नै राखिएकोछ।

१६) महिला, बालबालिका तथा पिछडिएका वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने योजना तथा कार्यक्रमहरुका निशर्त पूँजीगत अनुदानको ३५ प्रतिशत रकम छुट्याई उच्च प्राथमिकता दिइएकोछ।

१७) भारतिय दुतावासबाट नयाँ दमकल प्राप्त हुने आश्वासन भएकोले यथासम्भव शिघ्र प्राप्त गर्न आवश्यक पहल गरिनेछ। प्राप्त नहुने अवश्थामा नयाँ दमकल खरिदको कार्यलाई अगाडि बढाईनेछ।

आदरणीय महानुभावहरु,

अब म भद्रपुर नगरपालिकाको आगामी आ.व.०७१/०७२ को प्रस्तावित आय व्यय विवरण यहाँहरु समक्ष राख्न चाहन्छु।

**आयतर्फ :**

आन्तरिक स्रोतहरु कर, सेवाशुल्क आदिबाट रु.१ करोड २१ लाख ८ हजार ९ सय १३ अनुमान गरिएको छ। यसैगरी बाह्य स्रोततर्फ नेपाल सरकारबाट प्राप्त हुने अनुदान रु. २ करोड ८४ लाख ७९ हजार, वैदेशिक सहायताबाट रु. ७ लाख, राजस्व बाडफाडबाट रु. १७ लाख ३० हजार तथा अन्य निकायहरुबाट प्राप्त हुने रु. २ करोड ६३ लाख ४० हजार ५ सय र उपभोक्तातर्फबाट लागत सहभागिता अन्तर्गत रु. ६० लाख गरी बाह्य आम्दानी रु. ६ करोड ३२ लाख ५९ हजार ५ सय सहित जम्मा रु.७ करोड ५३ लाख ८४ हजार ४ सय १३ आय हुने अनुमान गरिएकोछ।

**व्ययतर्फ :**

व्ययतर्फमा चालु तथा प्रशासनिक खर्च रु १ करोड ६२ लाख ५ हजार ९ सय ६३ तथा कार्यक्रम तथा पूँजिगत खर्च रु ५ करोड ९१ लाख ५२ हजार ४ सय ५० सहित जम्मा रु.७ करोड ५३ लाख ८४ हजार ४ सय १३ व्यय हुने अनुमान गरिएकोछ।

माथि उल्लेखित कार्यक्रम तथा पूँजीगत खर्च अन्तर्गत तपसिल अनुसार विभिन्न १८ वटा क्षेत्रहरुमा क्षेत्रगत रुपमा कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

| | |
|---|---|
| १) संघ, संस्था साझेदारी तथा सहकार्य | रु २ लाख ५० हजार |
| २) जनस्वास्थ्य प्रवर्द्धन | रु ७ लाख ५५ हजार |
| ३) शिक्षा, खेलकुद, साहित्य, कला संस्कृति | रु २ लाख |
| ४) नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन | रु २१ लाख |
| ५) संस्थागत सुदृढीकरण | रु १३ लाख ७९ हजार |

| | |
|---|---|
| ६) गरीबी न्यूनीकरण सामाजिक परिचालन | रु १९ लाख |
| ७) सार्वजनिक निजी साझेदारी | रु १ लाख |
| ८) वातावरण, खानेपानी, प्रकोप व्यवस्थापन | रु १४ लाख |
| ९) वारुणयन्त्र सञ्चालन | रु ३५ लाख |
| १०)सडक बत्ती व्यवस्थापन | रु ७ लाख |
| ११) साँवा ब्याज भुक्तानी | रु ५ लाख |
| १२) पूँजीगत सम्पत्ति खरिद तथा मर्मत सम्भार | रु ६ लाख |
| १३) भवन निर्माण तथा मर्मत सम्भार | रु ५ लाख |
| १४) शहरि पूर्वाधार तथा सार्वजनिक निर्माण | रु २ करोड ७६ लाख २५ हजार |
| १५) सार्वजनिक सम्पत्ति मर्मत | रु ७८ लाख |
| १६) पूँजीगत प्राविधिक परामर्श सेवा | रु ९ लाख |
| १७) लक्षित वर्ग विकास कार्यक्रम | रु १४ लाख ४३ हजार ४ सय ५० |
| उल्लेखित लक्षित वर्ग कार्यक्रम मध्ये | |
| महिला विकास कार्यक्रम (१० प्रतिशत) | रु ४ लाख ७ हजार ७ सय |
| बालबालिका विकास कार्यक्रम (१० प्रतिशत) | रु ४ लाख ७ हजार ७ सय |
| आदिवासी जनजाती, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति मधेशी, मुस्लिम, पिछडा वर्ग विकास कार्यक्रम (१५ प्रतिशत) | रु ६ लाख २८ हजार ५० |
| १८) सामाजिक सुरक्षा भत्ता वितरण | रु ७५ लाख |

आदरणीय नगरवासीहरु,

वार्षिक रुपमा विकासका बजेट तथा कार्यक्रमहरु पेश गर्नु मात्र महत्वको विषय होइन महत्वपूर्ण विषय भनेको त प्रस्ताव गरिएका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा जनमुखी तरिकाले कार्यान्वयनमा ल्याउनु हो । जसका लागि प्रक्षेपण गरिएका आन्तरिक तथा बाह्य आयलाई लक्ष्य अनुरुप हासिल गर्न सक्नु पर्ने हुन्छ, जसबाट प्रस्तावित कार्यक्रम र योजनालार्य प्रभावकारी रुपबाट कार्यान्वयन स्तरसम्म लान सकिन्छ । यो कार्य नगरपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव छैन, यसका लागि राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, व्यापारी तथा उद्योगपति वर्ग, बुद्धिजीवी, संघसंस्था एवं सम्पूर्ण नगरवासीहरुको सक्रृय प्रयास, सहभागिता, सहयोग एवं सुझावको आवश्यकता पर्दछ । जुन यस नगरपालिकालाई प्राप्त हुने नै छ भन्ने आशा एवं अपेक्षा नगरपालिकाले गरेको छ ।

अन्तमा भद्रपुरको समग्र विकासका लागि सहयोग पुऱ्याउने नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत कार्यालयहरु, दातृ निकायहरु, राष्ट्रिय तथा गैह्रसरकारी संस्थाहरु, नीजि क्षेत्र तथा नागरिक समाज प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस बजेट, नीति तथा कार्यक्रम निर्माणमा सक्रृय रुपमा सहभागिता जनाई आफ्नो सल्लाह, सुझाव प्रदान गर्नु हुने नगर स्तरीय राजनैतिक दलका प्रमुखज्यूहरु एवं प्रतिनिधीज्यूहरु, नगर स्तरीय एकीकृत योजना तर्जुमाका सदस्यज्यूहरु, नागरिक समाजका सदस्यहरु, विभिन्न संघ संस्थाका प्रतिनिधीहरु एवं नगरपालिकाका मेरा सहकर्मी साथीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु र आगामी दिनहरुमा नगरको सर्वांगिण विकासका लागि यहाँहरुको सहयोग र सक्रृय सहभागिता प्राप्त गरिरहने अपेक्षा गर्दछु । धन्यवाद ।

सुवास श्रेष्ठ
नगर प्रमुख एवं कार्यकारी अधिकृत
भद्रपुर नगरपालिका कार्यालय, झापा

मिति : २०७०/१०/०८ गते बुधवार

## सहभागितात्मक योजना तर्जुमा प्रक्रिया

सहभागितात्मक योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाउन केहि निश्चित चरणहरु अवलम्बन गर्नु पर्ने हुन्छ । यसका लागि स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा स्पस्ट व्यवस्था गरिएको छ । सोही अनुरुप आगामी आ.व. २०७१/०७२ को लागि के कस्ता योजना, कार्यक्रम समावेश गर्ने र कार्यान्वियन गर्ने, स्थानीय स्रोत र साधनहरुलाई बढी भन्दा बढी सदुपयोग गरेर गरिवी न्यूनीकरण तिर उन्मुख गर्ने र नगरको बहुआयामिक क्षेत्रहरुको विकास गर्ने सन्दर्भमा व्यापक रुपमा नगर स्तरीय राजनैतिक दलका प्रमख एवं प्रतिनिधी, वार्ड स्तरिय भेलावाट नागरिक समाज तथा नगरवासी, लक्षीत वर्गका समितिहरु तथा एकिकृत योजना तर्जुमा समितिहरुका विचमा व्यापक रुपमा विभिन्न चरणहरुमा छलफल गरि २० औं नगरपरिषदवाट पारित नगर विकास योजना तयार गरिएको छ । यस क्रममा वार्डस्तरवाट नै समस्याको पहिचान गरी त्यसमा प्राथमिकताको आधारमा योजनाहरु छनौट भएका छन् । यस अन्तरगत तपसिल अनुसारका चरणहरु उल्लेखित मितिमा सञ्चालन भएका थिए ।

| सि.नं. | मिति | समय | बार्ड नं. | स्थान |
|---|---|---|---|---|
| नगरस्तरिय पूर्व योजना तर्जुमा गोष्ठी | | | | |
| १ | २०७०/०९/०३ | दिनको १.०० बजे | | भद्रपुर नगरपालिका सभाकक्ष |
| योजना छनौटका लागि बडा भेला कार्यक्रम | | | | |
| १ | २०७०/०९/०४ | विहान ८.०० बजे | १ | भद्रपुर उच्च मावी |
| | | | ५ | भानु प्रावी |
| | | | ६ | मेघा टोल |
| २ | २०७०/०९/०५ | विहान ८.०० बजे | ३ | गणेश मन्दिर |
| | | | ८ | मैत्री टोल सामुदायिक भवन |
| | | | ११ | गायत्री मन्दिर |
| ३ | २०७०/०९/०६ | विहान ८.०० बजे | ४ | पृथ्वी निमावी |
| | | | ९ | कृष्ण मन्दिर |
| | | | १३ | देवकोटा स्मृति भवन |
| ४ | २०७०/०९/०७ | विहान ८.०० बजे | २ | पशुपति प्रावी |
| | | | १० | ग्राम थान |
| | | | १४ | फुलवारी टोल |
| ५ | २०७०/०९/०८ | विहान ८.०० बजे | ७ | गोरु हट्टी |
| | | | १२ | गौतम बुद्ध प्रावी |
| | | | १५ | बाल मन्दिर |
| लक्षीत बर्ग विकास समितिहरुसँगको बैठक | | | | |
| सि.नं. | मिति | समय | लक्षित बर्ग | स्थान |
| १ | २०७०/०९/१३ | विहान ९.०० बजे | मधेशी बर्ग | भद्रपुर नगरपालिका सभाकक्ष |
| २ | २०७०/०९/१३ | विहान १०.०० बज | दलित बर्ग | भद्रपुर नगरपालिका सभाकक्ष |
| ३ | २०७०/०९/१४ | विहान ९.०० बजे | पिछडा बर्ग | भद्रपुर नगरपालिका सभाकक्ष |
| ४ | २०७०/०९/१४ | विहान ११.०० बजे | आदिवासी/जनजाती बर्ग | भद्रपुर नगरपालिका सभाकक्ष |
| ५ | २०७०/०९/१४ | दिनको १.०० बजे | मुस्लिम बर्ग | भद्रपुर नगरपालिका सभाकक्ष |
| एकिकृत योजना तर्जुमा समितिको बैठक | | | | |
| १ | २०७०/०९/१८ र १९ गते | | | भद्रपुर नगरपालिका सभाकक्ष |
| २० औं नगरपरिषको बैठक | | | | |
| १ | २०७०/०९/२६ गते शुक्रवार | | | भद्रपुर नगरपालिका सभाकक्ष |
| २० औं नगरपरिषवाट पारित बजेट, नीति तथा कार्यक्रम सार्वजनिकीकरण | | | | |
| १ | २०७०/१०/०८ गते बुधवार | | | भद्रपुर नगरपालिका सभाकक्ष |

# भद्रपुर नगरपालिकाको छोटकरीमा परिचय

स्थापना मिति :- २००८ साल वडा संख्या :- १५

अवस्थिती :-

अक्षांस :-२६°२०'-२६°५०'उत्तर देशान्तर :- ८७°८९'-८८°९२'पूर्व क्षेत्रफल :- ११२१ हेक्टर

सीमाना :-

पूर्व :- मेची नदी, भारत पश्चिम :- चन्द्रगढी, महेशपुर गा.वि.स.

उत्तर :- चन्द्रगढी गा.वि.स. दक्षिण :- महेशपुर गा.वि.स.

प्राकृतिक अवस्था :-

उचाई :- समुद्र सतहबाट ९५ मिटर नदी/खोला/पैनी :- मेची नदी, झिलमिलिया,घोडामारा

तापक्रम :- अधिकतम ३८ डिग्री से. न्यूनतम १० डिग्री से.

हावापानी :- उष्ण समशीतोष्ण माटो :- पाँगो/बलौटे माटो

भू-उपयोग विवरण :-

आवास क्षेत्र :- ४४४.१३ हेक्टर कृषि क्षेत्र :- ३७४.२१ हेक्टर

बजार क्षेत्र :- ५०.५२ हेक्टर वन क्षेत्र :- २८.५६ हेक्टर अन्य क्षेत्र :- २२३.५८ हेक्टर

जनसंख्या विवरण (२०६८ सालको जनगणना अनुसार) :-

महिला :- ९१७३ पुरुष :- ९२६८ कुल जम्मा :- १८४४१

स्वास्थ्य विवरण :-

सरकारी अस्पताल :- १ निजी अस्पताल :- १ निजी क्लिनीक तथा उपचार केन्द्र :- २५

शिक्षा विवरण :

बाल विकास केन्द्र :- ११ सरकारी विद्यालय :- ६

निजी विद्यालय :- ९ सरकारी क्याम्पस :- १

निजी क्याम्पस तथा उच्च मा.वि. :- १ निजी नर्सिङ्ग क्याम्पस/ल्याब टेक्निसियन :- ४

शैक्षिक स्थिती :-

साक्षरता प्रतिशत :- ७७.९६ निरक्षरता प्रतिशत :- २२.०४

साक्षर पुरुष प्रतिशत :- ८८.४६ साक्षर महिला प्रतिशत :- ६८.१०

सडक :-

कच्ची :- ७.४० कि.मी. ग्राभेल :- ११.८३ कि.मी.

कालोपत्रे :- ३०.९२ कि.मी. राजमार्ग :- ५ कि.मी.

खानेपानी :-

खानेपानी आयोजना :- २ व्यक्तिगत धारा :- ३०२५

ट्यूवेल :- ११२८ कुवा :- १९ सार्वजनिक धारा :- ५

सडक बत्ती :-

नगरपालिका क्षेत्र भित्र सडक बत्ती संख्या :- १५५९

वित्तीय संघ संस्था :-

वाणिज्य बैंक :- ३ विकास बैंक :- २ सहकारी संस्था :- ३

समाज परिचालन :-

टोल विकास संस्था :- १५ सामाजिक परिचालन कार्यक्रम सञ्चालित वडा संख्या :- ५

## *मिति २०६८/८/२६ गते बसेको २०औं नगरपरिषद्का निर्णयहरू*

**निर्णय नं.: १**

**यस नगरपालिका तथा शहरी विकास तथा भवन निर्माण विभागको संयुक्त सहभागितामा निर्माण भई गत १८ औं नगर परिषदबाट पारित नगरपालिकाको आवधिक योजना अनुरुप पारित भएको भद्रपुर को अग्रणी क्षेत्र "व्यापार" तथा भद्रपुर नगरपालिकाको दिर्घकालिन सोच "पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ती र सम्वृद्धिसहितको भद्रपुर शहर" लाई सफलिभुत बनाउन तपसिलमा उल्लेखित विषयगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि नगरपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।**

### *भौतिक पूर्वाधार विकास तर्फ कार्यान्वयनका लागि तयार गरिएका नीति*

१) **वडा स्तरबाट वडा भेला मार्फत छनौट भएका योजनाहरुलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने नीति लिइएको छ । साथै वडा भेला सामाजिक परिचालन कार्यक्रम अन्तर्गत गठन भएका वडा नागरिक मञ्चहरु, स्थानीय संघ संस्थाहरु, टोल विकास संस्थाहरुलाई समेत सहभागी गराइनेछ । वडा स्तरीय/नगर स्तरीय योजना, जिल्ला विकास समिति/नेपाल सरकारमा पेश गर्ने योजना तथा लक्षित वर्ग मार्फत सञ्चालन गरिने योजनाहरु समेत वडा भेलाबाट संकलन तथा प्राथमिकीकरण गरी वार्षिक योजना तथा कार्यक्रममा समावेश गरिनेछ । वडा भेला बाहेक प्राप्त योजनाहरुलाई दोस्रो प्राथमिकीकरणमा राखिनेछ ।**

२) **वडा स्तरीय भेलाबाट वडा स्तरका योजनाहरु सोही भेलाबाट प्राथमिकताको आधारमा चालु आ.व.मा रु.५० हजारसम्मका तथा आगामी आ.व. रु १ लाख सम्मका योजनाहरु सम्पन्न गर्ने नीति लिइएको छ ।**

३) **वडा स्तरीय योजनाहरु संचालन गर्दा जनसहभागितालाई जोड दिई योजना कार्यान्वयन गर्ने नीति लिइएको छ । साथै वार्ड स्तरीय योजनामा कम्तीमा १५ प्रतिशत सम्म नगद जनसहभागीता व्यहोर्ने योजना सञ्चालन गरिनेछ भने नगर स्तरीय योजनहरुमा कम्तीमा सडक ग्राभेल/पिचमा ३०% तथा अन्य निर्माण सम्बन्धी योजनाहरुमा २०% नगद सहभागीता व्यहोर्ने उपभोक्तालाई योजना संचालनमा प्रेरित गरिनेछ ।**

४) **जग्गाहरुमा पूर्वाधारहरु बनाई प्लटिंग गरी बिक्री गर्नु अघि नगरपालिकामा दर्ता गर्ने प्रकृया अपनाइनेछ । आफ्नो जग्गालाई खण्डीकरण गरी प्लटिंग गर्ने व्यवसायीलाई पनि यो दायरामा ल्याइनेछ । साथै नगरपालिकाको मापदण्ड अनुरुपको प्लटिंग नभएमा व्यवसायको दर्ता एवं जग्गाको सिफारिश गरिने छैन ।**

५) **नयाँ निर्माण हुने तथा प्लटिङ्ग मार्फत निर्माण हुने बाटोहरु निर्माण गर्दा बाटो र सोको दुवैतर्फको फुटपाथ, ढल, विद्युत समेत राखी नगरपालिकाले तोकेको न्यूनतम मापदण्ड अनुसार गर्ने गराउने नीतिलाई निरन्तरता दिईनेछ ।**

६) **नगरपालिकाले निर्माण गरेका कालोपत्रे सडक, पुल पुलेसा, कल्भर्ट तथा ढल (नाला) हरु मर्मत सम्भारको अभावका कारण जिर्ण बन्दै गइरहेको र सञ्चालनमा समेत कठिनाई हुन थालेकोले त्यसता स्थानहरुको पहिचान गरी दिगोपन व्यवस्थापनका लागि सालबसाली नियमित मर्मत सम्भारको लागि श्रोतको व्यवस्था गर्न स्थापना भएको मर्मत सम्भार कोषमा नेपाल सरकारवाट प्राप्त हुने अनुदानवाट सममपुरक कोष मार्फत जम्मा भएको रकमलाई प्रभावकारी तरिकाले परिचालन गरिनेछ ।**

७) **भद्रपुर नगरपालिकलाई व्यवस्थित शहरको रुपमा अगाडि बढाउन सहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा गत १९ औं नगरपरिषदको निर्णय अनुसार नगरपालिकाको सहरी नक्सांकन** (Urban Mapping) **को कार्य यसै आ.व मा सम्पन्न गरिनेछ सो पश्चात नगरको सम्पूर्ण जग्गा एवं घरहरु** GIS System **मा आवद्ध हुने एवं सम्पूर्ण घरहरुको वैज्ञानिक घर नम्बरिंग तथा**

सडकहरुको नामाकरण सम्पन्न हुनेछ । सोबाट भद्रपुर न.पा. भित्रका विभिन्न बसोबास स्थल, चोक, बजार, बाटो इत्यादिको नामकरण नहुँदा आई पर्ने विभिन्न समस्याहरुलाई निराकरण हुने विश्वास लिइएकोछ ।

८) नगर क्षेत्रमा रहेका अव्यवस्थित बसोबास, सडक अतिक्रमण तथा आफ्नो सुविधाका लागि नाली पुर्ने कार्यलाई कडाईका साथ निरुत्साहित गरी रहेको प्रक्रियालाई कडाईका साथ अगाडी बढाइनेछ । घर निर्माण गर्दा बाटो छेउको नाली उक्त घरको धनीले अनिवार्य रुपमा व्यवस्थित गर्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९) भद्रपुर नगरपालिकाको वर्तमान अवस्थाको मुख्य समस्याको रुपमा रहेको ढल निकासको उचित व्यवस्था नहुनु रहेकोले सो सम्बन्धमा गत १७औं नगर परिषदबाट नगर क्षेत्रको नालाको गुरु योजना स्वीकृत भई कार्यान्वयन भैरहेकोले सो गुरु योजना अनुसार पर्याप्त बजेट विनियोजन गरी नगर क्षेत्रको ढल निकास सम्बन्धी योजनालाई प्राथमिकता दिइनेछ ।

१०) झिलमिलिया, घोडामारा पैनी तथा मुख्य ड्रेनमा बर्षेनी आउने बाढीले नगरवासीहरुलाई पर्न आएको समस्यालाई हृदयंगम गरी सो पैनीको छेउछाउमा लक्षित वर्गका सम्पूर्ण वर्गहरुको बसोबास रहेको हुदा लक्षित समूहको बजेट तथा अन्य नेपाल सरकार, जि.वि.स. मार्फत खोला तटबन्धन गर्ने कार्यका लागि यसै आ.व देखि सुरुवात गरिनेछ तथा यस पैनीमा पर्ने पूलहरु जिर्ण रहेकोले मर्मत सम्भार कार्यलाई समेत आगामी वर्षमा निरन्तरता दिइनेछ ।

११) जग्गा विकास (निजी तथा न.पा.) एवं कित्ता काट गरी जग्गा बेचबिखन गर्दा घडेरीका लागि ५ धुर भन्दा कम जग्गा बेचविखन गर्न नपाइने नीतिलाई अवलम्बन गर्न पहल गरिनेछ । तर साध मिलाउनका लागि भने १/२ फुट लिन दिन सकिने तर क्षेत्रफलमा परिवर्तन गर्न नपाइने नीतिलाई निरन्तरता दिइनेछ ।

१२) भद्रपुर बजार क्षेत्रमा सभा गृहको अभावलाई मध्ये नजर गर्दै भद्रपुर नगरपालिका क्षेत्रमा भएको न.पा.को जग्गामा नगर सभा गृह निर्माणका शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा गुरु योजना तयार गर्न पहल गरिनेछ ।

१३) भद्रपुर नगरपालिका क्षेत्रका सहायक बाटाहरुको चौडाई न्यूनतम १४ फिट (नाला बाहेक) कायम गरी अन्य निर्माण गर्न दिइनेछ । न्यूनतम १४ फिट कायम भएका बाटोहरुको मात्र स्तरोन्नतीमा नगरपालिकाले सहयोग तथा लगानीलाई निरन्तरता दिइनेछ ।

१४) नगरपालिकावाट भौतिक पूर्वाधार विकास निर्माणका योजना संचालन गर्दा निर्माण कार्यमा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शि, प्रतिस्पधात्मक र समान अवसर श्रृजना गर्न E-Bidding मार्फत खरिद प्रक्रियाको थालनी यसै आ.व. देखि सुरु गरिएको छ यसलाई आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ ।

१५) स्थानीयस्तरमा संचालन हुने योजनाहरुको लागि गठन हुने उपभोक्ता समिति संचालन सम्बन्धमा स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यबीधि २०६९ तथा मन्त्रालयवाट प्राप्त निर्देशनलाई पूर्ण रुपमा पालन गरिनेछ साथै नगरपालिकाले उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सम्पन्न भएका योजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ । सो हस्तान्तरण भएका योजनाहरुको मर्मत सम्भारका लागि मर्मत सम्भार शुल्क उठाई कोष खडा गरी राख्ने र उठेको रकम सम्बन्धित योजनाको मर्मत सम्भारका लागि उपभोक्ता समितिको आमभेलाबाट मर्मत सम्भार शुल्क तोकी खर्च गर्ने नीति लिइनेछ । उपभोक्ता समितिबाट निर्माण भएका योजनाहरुलाई न.पा.बाट मर्मत सम्भार गर्ने व्यवस्थालाई निरुत्साहित गरिनेछ ।

१६) सडक अधिकार क्षेत्रका लागि एक मापदण्ड तयार गरी सडक अधिकार क्षेत्रमा बनेका घरहरु धेरै नै अगाडी बनेको भएमा त्यसताको हकमा घर भत्काई पुनः निर्माण गरेको खण्डमा तोकिएको मापदण्ड पुरा गरिनु पर्ने नीति अवलम्बन गरिनेछ । नयाँको हकमा मापदण्डमा उल्लेख भए अनुसार नै गर्नु पर्ने नीति लिइनेछ । साथै भद्रपुर नगर क्षेत्रको मुटुमा रहेको संगम चौकदेखि मेची किनारसम्मको मुख्य बजारको सडकलाई सडक अधिकार क्षेत्र अनुसार कायम गरी झापा उद्योग वाणिज्य संघ, उद्योग संघसँग सहकार्य गर्दै नगरको सौन्दर्य बढाउनका लागि आवश्यक पहल गरिनेछ ।

१७) मालपोत कार्यालय, नापी कार्यालय तथा भद्रपुर नगरपालिकाको संयुक्त प्रयासमा २०२१ सालको नापी नक्शा तथा मोठ श्रेष्ताको आधारमा नगरमा रहेका सम्पूर्ण ऐलानी पर्ती जग्गाहरु पहिचान गरी लेखांकन तथा रेखांकन गरी न.पा.को नाममा दर्ता गरी जग्गाधनी प्रमाण पूर्जा नगर पालिकाको अधिनमा राख्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१८) नगरपालिका क्षेत्र भित्र रहेको नेपाल विद्युत प्राधिकरणको विद्युत पोल तथा त्यसमा लगाइएको तारहरुले नगरको सौन्दर्य बिगारेको हुँदा नेपाल विद्युत प्राधिकरणसँग विद्युत पोल तथा तार वितरणको शुल्क उठाउन आवश्यक पहल गरिनेछ ।

१९) घर नक्शा तथा भवन निर्माण –

(क) विगत १३ औं नगर परिषदबाट पारित भवन निर्माण आचार संहिता, २०६३ लाई समयानुसार संशोधन गर्दै राष्ट्रिय भवन निर्माण आचार संहिता (NBC) लाई यसै आ.व.देखि पूर्ण रुपमा कार्यान्वयन गर्दै लगिनेछ । यसका लागि प्राविधिक सुपरिवेक्षणको कार्यलाई प्रभावकारी बनाइनेछ । NBC कार्यान्वयनमा प्रभावकारीता अपनाउन स्थलगत निरिक्षणलाई आगामी आ.व.देखि जोड दिइनेछ ।

(ख) नगरपालिकाले भवन निर्माण गर्दा र अन्य संघ संस्था, सरकारी तथा सामुदायिक भवनको नक्सा पास गर्दा अनिवार्य रुपमा अपांग मैत्री भवन निर्माण गर्नु पर्ने नीतिलाई अगाडि बढाइनेछ ।

(ग) राष्ट्रिय भवन निर्माण आचार सहिंता अनुसार भवन निर्माण गर्न तथा भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु संचालन गरिने नीति अवलम्बन गरिनेछ । साथै घर निर्माणका लागि दक्ष कालिगढको तालिम सञ्चालन गर्नका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज (NSET) र सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, इलामसँगको सहकार्यलाई निरन्तरता दिइनेछ । दक्ष तालिम प्राप्त कालिगढबाट मात्र निजी तथा सार्वजनिक भवनहरु निर्माण गराउने संयन्त्रको स्थापनाका लागि प्रयत्न गरिनेछ ।

(घ) सहरी विकास मन्त्रालय मार्फत घर नक्शा पासको तथ्यांकलाई व्यवस्थित रुपमा राख्न Software प्राप्त गर्न आवश्यक पहल गरी तथ्यांकलाई अद्यावधिक गर्ने कार्य गरिनेछ ।

२०) सडक बत्ती तथा विद्युत विकास –

(क) नगरलाई सधैं उज्यालो बनाउने उद्देश्यले झापा उद्योग वाणिज्य संघ एवं नेपाल सरकार सँग सहकार्यमा शहरका मुख्य मुख्य स्थानहरुमा सोलार प्यानल सहितको सडक बत्ती जडान गरिनेछ । यस्ता कार्य प्रत्येक वर्ष निजी क्षेत्रसँग सहकार्य गरी अगाडी बढाउने नीति अवलम्बन गरिनेछ । सोबाट सोलार बत्ती बाहेकका विद्युत पोलहरुको सडक बत्ती सञ्चालनमा सहजता आई खर्चमा समेत कटौती हुने अपेक्षा गरिएको छ ।

(ख) नगरका मुख्य चौकहरुमा रहेको सडक बत्तीलाई नियमित मर्मत गर्ने कार्यलाई प्रमुख प्राथमिकतामा राखी मर्मत गरिनेछ ।

(ग) सडक बत्ती व्यवस्थापनमा सुधार गर्न नगरपालिका क्षेत्रमा गाडिएका विद्युत पोलहरुको नम्बरिङ्ग गरी सडक बत्तीलाई मिटरमा आबद्ध गर्दै लगिनेछ ।

(घ) सडक बत्तीमा CFL बल्ब लगाउन चाहने स्थानीय उपभोक्ताहरुलाई जम्मा खर्चको ४० प्रतिशत रकम लागत सहभागिता गराई सडक बत्तीलाई विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

## *सामाजिक विकासतर्फ कार्यान्वयनका लागि तयार गरिएका नीति*

२१) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ लाई पूर्ण रुपमा कार्यान्वयन गर्दै ५ वर्ष भित्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नको लागि प्रक्रिया अगाडि बढाइएको छ ।

२२) प्रत्येक सामुदायिक तथा अन्य विद्यालयमा बाल मैत्री शासनको अवधारणा अनुरुप बाल क्लबहरु गठन गरिनेछ । साथै गठित बाल क्लबहरुलाई बाल अधिकारसँग सम्बन्धित विषयहरुमा सशक्तिकरण गर्दै लगिनेछ ।

२३) चालु आ.व देखि नै असहाय, अनाथ, बाल श्रमिक एवं जोखिय युक्त बालबालिकाको हित प्रवर्द्धन गर्नको लागि नगरपालिका स्तरिय बाल संरक्षण कोष खडा गरिएको छ । यसलाई आगामी

आ.व.हरुमा समेत निरन्तरता दिइनेछ । कोष संचालन गर्नका`लागि कार्यविधि तयार गरिनेछ । कोषमा रकम प्रदान गरी सहयोग पुऱ्याउन विभिन्न राजनैतिक दल, संघ संस्था, उद्योगपति, बुद्धिजिवी, नागरिक समाज एवं नीजि क्षेत्रलाई सार्वजनिक आहवान गरिनेछ ।

२४) बालबालिका लक्षित कार्यक्रम अन्तर्गत बाल विकास केन्द्र तथा सामुदायिक विद्यालयहरुको अवस्था सुधार गर्दै विपन्न वर्गका बालबालिकाहरुको पहुँच पुग्न सक्ने गरी पूर्वाधार तथा पोषण कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ ।

२५) बालबालिकाको अधिकार प्रति प्रेरित गर्न राष्ट्रिय बाल दिवस मनाउनका लागि सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गरिनेछ । उच्च अंक ल्याउने प्रा.वि., नि.मा.वि. तथा मा.वि.का बालबालिकाहरुको सम्मान तथा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२६) विपन्न वर्गका महिला, बालबालिका तथा अन्य वर्गका लक्षित कार्यक्रमहरुबाट सम्बन्धित पक्षको क्षमता विकास र चेतनामुलक कार्यक्रम संचालनको लागि नगरपालिका, स्थानीय संघ संस्थाहरु तथा सम्बन्धित उपभोक्ता समितिहरु मार्फत सशक्तिकरण कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिइनेछ । त्यस प्रकारका कार्यक्रम सञ्चालन गर्दा लागत सहभागिता सबैभन्दा बढी गर्ने संघ संस्थाहरुलाई प्राथमिकता दिइनुका साथै यस प्रकारका गैह्रसरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरुको सार्वजनिक परिक्षण गर्ने सम्भावना नभएकोले नगरपालिकाबाट बेहोरिने बजेट मार्फत खर्च हुने कार्यक्रमहरुको कार्य सम्पन्न पश्चात स्थानीय पत्रपत्रिका मार्फत खर्चको सार्वजनिक पश्चात अन्तिम भुक्तानीको प्रक्रियालाई निरन्तरता दिइनेछ ।

२७) अति विपन्न सबै वर्गका कार्यक्रम सञ्चालन गर्दा एक कार्यक्रम एक सहभागीको नीति अवलम्बन गरिनेछ । सहभागी दोहोरिएमा दोहोरिएका सहभागीको भुक्तानी कट्टा गरी कार्यक्रमको फरफारक गरिनेछ । साथै नगरको पिछडिएका वर्गहरुलाई समावेश गराउनका लागि सम्बन्धित वर्ग बसोबास गर्ने स्थानमा गठन भएका नागरिक सचेतना केन्द्र मार्फत सोझै सहभागी गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

२८) लैङ्गिक समविकासको अवधारणामा जोड दिदैं नगर क्षेत्रमा संचालन हुने कार्यक्रमहरुको उपभोक्ता समिति गठन गर्दा कम्तीमा ३३ प्रतिशत महिला सहभागी अनिवार्य गर्नुका साथै प्रमुख पदहरु मध्ये कम्तीमा एक जना महिला हुनु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२९) लक्षित वर्ग विकास कार्यक्रम ( महिला, बालबालिका, अन्य विपन्न वर्ग) लाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम तथा योजनाहरुका लागि निशर्त पूजीगत अनुदानको नियमानुसार समपुरक कोष काटी बाकी हुने रकमबाट ३५ प्रतिशत रकम विनियोजन गरी अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यलाई विपन्न वर्गको लाभ प्राप्तीसग जोडी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

३०) गरीबी न्यूनीकरणका लागि संचालित गतिविधीमा महिला स्वरोजगार तथा महिला आत्मनिर्भरतालाई पहिलो प्राथमिकता दिइनेछ ।

३१) यस नगर क्षेत्रमा रहेका सामाजिक आर्थिक, राजनैतिक रुपमा पछाडी परेका अनाथ, बालबालिका, असहाय, अपांग, सुस्त मनस्थिती, वृद्ध वृद्धा, पिछडिएका जाती, जनजाती, आदिवासी, दलित, मुस्लिम तथा अन्य जात जातीहरुलाई विभिन्न संघ संस्थाहरुको पहलमा संचालन हुने नगर स्तरीय विभिन्न कार्यक्रमहरुबाट सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३२) नगर स्तरीय खेलकुद कार्यक्रम गर्नका लागि आवश्यक पहल गरी चालु आ.व.मा वार्ड स्तरिय भलिवल प्रतियोगिता संचालन गरिने छ । आगामी आ.व.मा अन्य खेलकुद कार्यक्रमलाई समेत निरन्तरता दिइनेछ । साथै नगर क्षेत्रमा हुने विभिन्न खेलकुद कार्यक्रमहरुका लागि आवश्यकता अनुसार सहयोग गरिनेछ ।

३३) सामाजिक परिचालन कार्यक्रमलाई नगरका सबै वडाहरुमा संस्थागत विकासका लागि आवश्यक पहल गर्न नेपाल सरकारसँग आवश्यक बजेट तथा कार्यक्रमका लागि पहल गरिनेछ । वडा नागरिक मञ्चलाई क्रियाशील बनाई न.पा.द्वारा वडा नागरिक मञ्च तथा टोल विकास संस्थालाई तोकी पठाएका काम कार्वाहीहरुलाई जनसहभागितामुलक तथा पारदर्शी बनाउनमा पहल गरिनेछ ।

३४) शहरी गरीबी न्यूनीकरण कार्यक्रम तथा टोल विकास समितिहरु मार्फत ऋण लिएका ऋणीहरुलाई सम्पूर्ण ऋण असुल नभई पुनः ऋण लगानी नगर्ने नीति लिइनेछ । ऋण नतिर्ने ऋणी तथा टोल विकास संस्थाका पदाधिकारीहरुलाई नगरपालिकाबाट उपलब्ध गराइने सेवा सुविधा निषेध गरिनेछ

साथै ऋण परिचालन सम्बन्धी कार्यक्रम सामाजिक परिचालन कार्यक्रम अन्तर्गत गठन भएका नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई समेत स्वरोजगार तथा आत्मनिर्भर बन्नका लागि प्रवाह गरिने नीति लिइनेछ ।

३५) राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका गोष्ठी सेमीनारमा न.पा.को तर्फबाट निरन्तर सहभागिता र स्थानीय निकायसँग सरोकार राख्ने दातृ संस्थाहरुसँग निरन्तर पहुच अभिवृद्धि गरी न.पा.क्षेत्रमा दातृ सहयोगलाई बढावा दिने नीतिलाई निरन्तरता दिइनेछ ।

३६) यस न.पा.बाट सञ्चालन हुँदै आएको बारुणयन्त्र कार्यालयको सीमित स्रोतका कारण जिल्लाभर सेवा पुऱ्याउन कठिन हुने भएकोले बारुणयन्त्र संचालनका लागि जिल्ला विकास समितिसँग बारुणयन्त्र संचालन अनुदानका लागि अनुरोध गरिनेछ । साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारसँग थप अनुदानको लागि अनुरोध गरिनेछ । वारुणयन्त्र सञ्चालनका लागि सेवा शुल्क लगाउन अध्ययन एवं छलफलका लागि पहल गरिनेछ ।

३७) नगरपालिका क्षेत्रमा नेपाल सरकारको सहयोगमा नगरका वार्ड नं.२ तथा १० मा स्थापित गरिएका शहरी स्वास्थ केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्न वार्ड नं. १३ मा निर्माण भईरहेको स्वास्थ केन्द्रको भवन निर्माण कार्यलाई पुरा गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष आवश्यक पहल गरिनेछ । शहरी स्वास्थ केन्द्र मार्फत नगरका विपन्न बस्तीहरुमा निःशुल्क स्वास्थ शिवीर तथा स्वास्थ चेतनामुलक कार्यक्रम संचालन गरिनेछ साथै नगरमा कार्यरत महिला स्वयंसेविकाहरुलाई जिल्ला जनस्वास्थय कार्यालय, भद्रपुर तथा महिला लक्षित कार्यक्रमसँग आवश्यक समन्वय गरी निरन्तर रुपमा क्षमता अभिवृद्धि गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यसै आ.व. देखि महिला स्वयंसेविकाहरुलाई पुरस्कृत गर्ने कार्यको सुरुवात गरिनेछ ।

३८) भद्रपुर नगर क्षेत्रमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरुले नगरपालिकामा वार्षिक कार्यक्रम पेश नगरी बजेट मात्र माँग गर्ने गरेकोमा वार्षिक कार्यक्रम पेश नगर्ने तथा नगरपालिकामा दर्ता तथा नवीकरण नभएका र लागत सहभागिता अनुसार कार्यक्रम गर्न नसक्ने संघ संस्थाहरुलाई नगरपालिकाले कार्यक्रममा सहयोग नगर्ने नीति लिइनेछ । विभिन्न संघ संस्था समन्वयको लागि NGO Desk निर्माण गरिनेछ ।

३९) नगरको एकमात्र पुस्तकालय भद्रपुर पुस्तकालयलाई समय सापेक्ष रुपमा व्यवस्थित गर्न पहल गरिनेछ ।

४०) जेष्ठ नागरिकहरु एउटै थलोमा भेला भएर आफ्ना भलाकुसारी तथा अतितका कुराहरु आदान प्रदान गर्न एकै थलो नगरमा नभएको हुँदा त्यसको आवश्यकता महसुस भएको, सो चौतारीमा जेष्ठ नागरिकलाई दिन भरिका लागि मनोरञ्जन, चिया नास्ता उपलब्ध हुने सुविधायुक्त चौतारीको निर्माण गर्ने, भद्रपुर न.पा.को सक्रियतामा सार्वजनिक सूचना मार्फत जेष्ठ नागरिक चौतारी निर्माणका लागि जग्गादाताको खोजी गरी सोको कार्यान्वयन, व्यवस्थापन तथा जेष्ठ नागरिकलाई सम्मान गर्ने नीति लिइनेछ ।

४१) पत्रकारिता विकास कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ । स्थानीय पत्रकारिता विकासको लागि पत्रकारिता विकास कोषको स्थापना गरी त्यसलाई व्यवस्थित गरि निरन्तरता दिइनेछ प्रत्येक वर्ष भद्रपुर प्रेस क्लवको सहकार्यमा पत्रकारिता पुरस्कार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४२) शान्ती सुरक्षा कायम गर्न सुरक्षा निकायबाट मात्र सम्भव नहुने हुँदा स्थानीय जनतालाई सक्रृय गराई सामुदायिक प्रहरी सेवाको क्षमता विकासमा आवश्यक पहल गरिनेछ ।

४३) नगर क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, मस्जिद, पुस्तकालय, सार्वजनिक दुर्गा तथा काली पूजा र संघ संस्थाहरुलाई आफ्नो धर्म संस्कृतिको जगेर्नाका लागि प्रोत्साहन गर्न आवश्यकता अनुसार पर्वहरुमा सहयोग उपलब्ध गराइनेछ ।

४४) नगरपालिकाले निर्माण गरेको प्रोफायल अनुसार नगर क्षेत्र भित्रको जनसंख्या व्यवस्थापन गर्दै लैजानका लागि पारिवारिक जनसंख्या कार्डको व्यवस्था अनिवार्य गरिएको छ । सबै वडाहरुमा पारिवारिक जनसंख्या कार्ड लागु पश्चात जन्म, मृत्यु, विवाह, बसाई सराई तथा सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता गराउँदा एवं एकीकृत सम्पत्ति कर दाखिला नगरपालिकाबाट कुनै पनि प्रकारको सेवा सुविधा लिनु पर्दा पारिवारिक जनसंख्या कार्डलाई अनिवार्य रुपमा नगरपालिकामा पेश गरे पछि मात्र सेवा सुविधा उपलब्ध गराइनेछ ।

४५) सबै जातजातीका विपन्न वर्गका बालबालिकाहरुको स्वास्थ्य प्रबर्द्धन तथा मातृ मृत्यु दरमा कमी ल्याउने तथा जन्म दर्ता जस्तो बाल अधिकारलाई संरक्षण गर्ने राष्ट्रिय कार्यक्रममा टेवा पुऱ्याउनका लागि नगर क्षेत्रका सामुदायिक अस्पताल तथा घरमा सुत्केरी भई ३५ दिन भित्रमा जन्मदर्ता गराएमा सम्बन्धित वडा सचिवको सिफारिश तथा अस्पतालको जन्म भएको प्रमाण पेश गरेमा बालबालिकाको लागि अति आवश्यक एक प्याकेज निर्माण गरी वितरण गरिने नीतिलाई निरन्तरता दिइएको छ ।

*वातावरण तथा विपद व्यवस्थापनतर्फ कार्यान्वयनका लागि तयार गरिएका नीति*

४६) वातावरण संरक्षणका लागि नगरमा अनुभूति दिलाउन विश्व वातावरण दिवस मनाइनेछ ।
४७) वातावरण शुद्धिकरणका लागि नगरपालिकाबाट बनाइएका मुख्य सडकको दायाँ बायाँ, नगरपालिकाको ऐलानी, पर्ती तथा खाली जग्गाहरुमा हरियाली प्रबर्द्धन गर्न Green belt निर्माणका लागि स्थानीय संघ संस्था, वडा नागरिक मञ्चहरुसँग सहकार्य गरिनेछ । प्रत्येक घरमा "एक घर दुइ रुख" भन्ने नीति लिई सो नीतिलाई घर नक्शा पास गर्दाको समयदेखि नै कडाईका साथ लागु गरिनेछ ।
४८) गत १८ औं नगर परिषदको निर्णयानुसार भद्रपुर न.पा.लाई वातावरणीय दृष्टिकोणले स्वच्छ राख्न शौचालय बनाउन नसक्ने घरहरुलाई उचित प्रोत्साहन स्वरुप सहयोग उपलब्ध गराई तथा जनचेतना मार्फत स्वच्छ वातावरणका लागि ***"भद्रपुर नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र"*** घोषणा गरिएकोमा सो निर्णयलाई कार्यान्वयन गर्न बनाइएको कार्य योजना अनुसार सिम नेपाल, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भद्रपुरसँग सहकार्य गरी थालनी गरिएको कार्यलाई निरन्तरता दिइनेछ ।
४९) नगर क्षेत्रबाट संकलन हुने फोहोरहरुलाई व्यवस्थित गर्न सके मोहरमा परिणत गर्न सकिने सम्भाव्यता भएकोले यसलाई कार्यान्वयन गर्न Clean City को अवधारणालाई अगाडी बढाउन निजी क्षेत्र, नागरिक समाज एवं राजनैतिक दलहरुसँग आवश्यक छलफल गर्दै आवश्यक कार्य योजना तयार गरी उक्त अवधारणालाई अगाडी बढाइनेछ, जसका लागि प्रत्येक घर/पसल/व्यापारिक प्रतिष्ठानहरुले अनिवार्य रुपमा घर, पसल अगाडी Dustbin राख्ने व्यवस्था मिलाइनेछ । वडा नं.९,४,३,२ र १ को जनताचौक देखि भन्सार छेउसम्मको स्थानलाई Clean Zone घोषण गरी फोहोरलाई सडकमा फ्यांक्ने कार्यलाई पूर्ण रुपमा निस्तेज गरिनेछ यो कार्य क्रमशः सबै वडाहरुमा लागू गरिनेछ ।
५०) नगरको सरसफाई व्यवस्थापन कार्य नीजि तथा नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालन गर्न सार्वजनिक नीजि साझेदारी कार्यक्रमको माध्यमबाट व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ । घरहरुबाट निस्कने फोहोरलाई स्रोतमा नै निर्मूल गरी Zero waste management को अवधारणालाई अगाडी बढाउन घर घरमै कम्पोष्टिंग गर्ने व्यवस्थालाई प्रोत्साहन दिइनेछ । फोहोरमैलाको अन्तिम विसर्जनका लागि Landfill site को व्यवस्थापन गर्न भद्रपुर १ मा रहेको सम्सान घाटको पूर्वतर्फको नगरपालिकाको ऐलानी जग्गालाई प्रयोग गरिनेछ । फोहोरहरुलाई कम्पोष्टिंग गर्नका लागि निजी क्षेत्रसँग सहकार्य गरी प्रक्रृया अगाडी बढाइनेछ ।
५१) ऐतिहासिक नगर भएपनि बजार क्षेत्र साँगुरो गल्ली भएका र सोही गल्ली सडकमा नै हाट बजार लाग्ने भएको कारण दुर्घटना हुने र नगरको सौन्दर्य र वातावरणमा नकारात्मक असर पर्ने हुँदा फूटपाथ व्यवसायलाई हतोत्साहित गर्दै लैजाने नीति अनुरुप बजारलाई उचित व्यवस्थापन गरिनेछ ।
५२) नगरमा रहेका सरकारी तथा निजी अस्पतालहरुसँग समन्वय गरी सोबाट उत्पन्न हुने हानीकारक फोहोरको उचित व्यवस्थापनका लागि सहकार्यका लागि पहल गरिनेछ ।
५३) जिल्ला पशु सेवा कार्यालयसँग समन्वय गरी स्वस्थकर मासु खान पाउने उपभोक्ताको अधिकारको समर्थन गर्दै मासु व्यवसायी, नागरिक समाज, राजनैतिक दलहरुसँग बेला बेलामा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन एवं बजार अनुगमन कार्यलाई अगाडी बढाइनेछ । पशु बधशाला सञ्चालनको लागि जिल्ला पशुसेवा कार्यालयसंग सहकार्य गरि कार्यक्रम अगाडि बढाइनेछ ।

५४) १८ औं नगर परिषदबाट पारित भई लागु भएको ***"प्लाष्टिक झोला मुक्त नगर"*** को रुपमा भद्रपुर अगाडी बढी रहेको अवस्थामा प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्न वातावरण उपसमिति, झापा उद्योग वाणिज्य संघ, झापा उद्योग संघ तथा सिम नेपालसँग समन्वय गरी अनुगमनको पाटोलाई सशक्त बनाइनेछ ।

५५) रेबिज रोग विरुद्धको अभियानलाई अगाडी बढाउन तथा पशु अधिकारलाई सरंक्षण गर्न नगर क्षेत्र भित्र रहेका सामुदायिक, घरेलु कुकुरहरुलाई बन्ध्याकरण एवम् Anti Rebise Vaccination गरिने प्रथा थालनी गरिएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ ।

५६) नगर परिषदबाट स्वीकृत प्रकोप व्यवस्थापन कार्य योजनालाई grass root level सम्म पुऱ्याउनका लागि आवश्यक पहल गर्ने नीति लिइनेछ ।

## *संस्थागत विकास एवं सुशासनतर्फ कार्यान्वियनका लागि तयार गरिएका नीति*

५७) नगरपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, विश्वसनीय, सक्षम र प्रभावकारी तुल्याई नगरपालिकाबाट सम्पादित काममा सहभागिता, जवाफदेहिता, पारदर्शीता, मितव्ययीता तथा न्यायीकता कायम गर्दै नगरपालिकाबाट प्रवाह गरिने सवै प्रकारका सेवालाई करसँग आवद्ध गर्दै सेवालाई जनमुखी गर्दै लगिनेछ ।

५८) नगरपालिकाका कर्मचारीहरुको योग्यता, क्षमता, अनुभव र पद अनुसार आवश्यक मापदण्ड बनाई शाखा, उपशाखा तथा इकाईहरुको कार्य बोझको आधारमा आन्तरिक शाखा सरुवा, मानव स्रोत परिचालन र पारदर्शी मापदण्ड निर्धारण गरी राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड तथा सजायको व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

५९) कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनलाई कार्य विवरणसँग आबद्ध गरी बस्तुगत, नियमित र प्रभावकारी बनाइनेछ । यसको आधारमा कर्मचारीहरुको पदस्थापना, बढुवा, तालिम, वृत्ति विकास, पुरस्कार र सजायको पद्दतिलाई स्थापित गरी निरन्तरता दिइनेछ ।

६०) तोकिएको समयमा कार्यालय प्रवेशका लागि विद्युतीय हाजिरी प्रणालीको प्रयोग गर्नलाई प्राथमिकता दिइनेछ । नेपाल सरकारबाट तोकिएको कर्मचारीलाई पोशाक भत्ताको व्यवस्था बजेटमा भएकोले कार्यालयमा रहदाँ कर्मचारीहरुले अनिवार्य रुपमा पोशाक तथा परिचय पत्र लगाउनु पर्नेछ । सो नगरेमा विभागीय कार्वाहीसम्मको प्रकृया अगाडी बढाइनेछ ।

६१) कर्मचारीहरुले कार्यालयमा रहदाँ नगरपालिकाबाट स्वीकृत आचार संहिता पालना गर्नु पर्नेछ । सेवाग्राहीलाई सेवा प्रदान गर्दा पहिलो आउनेलाई पहिलो प्राथमिकता दिइदै शिष्ट एवं नरम व्यवहार तथा छिटो छरितो मुस्कान सहितको सेवा प्रवाह गरिनेछ । जसका लागि कार्यालयका सम्पूर्ण शाखालाई इन्टरकम तथा नेटवर्किङ्गको व्यवस्था मार्फत एकीकृत गरिनेछ ।

६२) कर्मचारीलाई नगरपालिकाको आर्थिक अवस्थाले भ्याएसम्म स्वेच्छिक अवकाश दिन सक्ने अवस्थाको नीतिलाई निरन्तरता दिइनेछ ।

६३) भद्रपुर नगरपालिकाले १९औं नगर परिषदबाट स्वीकृत गरी लागु गरेको संगठनात्मक संरचना बमोजिम नगर परिषदको निर्णय अनुसारको संगठन संरचना कार्यान्वियन तथा अनुगमन उपसमिति मार्फत पेश भएको संगठन संरचना तथा सो अनुसारको कर्मचारी दरबन्दी तथा कार्य विवरणको कार्यान्वयन गरिनेछ । उल्लेखित समितिवाट प्राप्त भएको नगर प्रहरी सहितको कर्मचारी दरवन्दि स्विकृत गरि नगर प्रहरीको आवश्यकता तथा महत्वलाई मनन गर्दै सो दरबन्दी स्विकृतको लागि मन्त्रालय समक्ष आवश्यक पहल गरिनेछ ।

६४) संगठन संरचना बमोजिम कायम रहेका पियन, ड्राइभर, माली (कार्यालय सहयोगी) पदहरुमा हाल कार्यरत कर्मचारीहरुले अवकाश पाएपछि सो पद स्वतः खारेज गरिने र कार्यालयलाई आवश्यक परेमा सेवा करारबाट लिइने प्रक्रियालाई निरन्तरता दिइनेछ । साथै सुरक्षा (पालो पहरा), सरसफाई, फोटोकपी, चिठी पत्र पत्राचार, नगर क्षेत्रमा रहेका सार्वजनिक शौचालय, बाल उद्यान, एम्बुलेन्स, शववाहन, पोखरी सञ्चालन जस्ता अस्थायी प्रकृतिका कामकाजहरु सेवा करार मार्फत गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

६५) नगरवासीले तिरेका कर तथा राजस्वबाट नगरपालिकाले गरेको आयआर्जन र खर्चलाई मासिक रुपमा सूचना पाटीमा टाँस गरी जानकारी गराइनेछ साथै नगरपालिकाको क्रियाकलापहरुको जानकारी गराउन बार्षिक नगर योजना समावेस भएको नगरपालिकाको मुखपत्र *"भद्रपुर दर्पण"* बुलेटिन प्रकाशन गरिनेछ र नगरपालिकाको Website "bhadrapurmun.gov.np" लाई update गर्दै नगरको क्रियाकलापको प्रचारप्रसार तथा सार्वजनिक गरिनेछ ।

६६) नगरपालिकाले प्रदान गरेको सेवा र सुविधाको सम्बन्धमा नगरवासीमा जानकारी गराउने उद्देश्यले नागरिक बडापत्र राखिएकोले सोलाई समय सापेक्ष क्षतिपुर्ति सहितको नागरिक बडापत्रको रुपमा अध्यावधिक गर्दै लगिनेछ र नगरवासीको गुनासो सुन्न तथा त्यसको समाधानका लागि स्थानीय निकाय सार्वजनिक सुनवाईको कार्यविधि २०६७ बमोजिम सार्वजनिक सुनुवाईको अवधारणालाई अगाडी बढाइनेछ । साथै नगरपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखा जोखा गर्ने कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ अनुरुप प्रत्येक वर्ष सामाजिक परिक्षण गरिनेछ ।

६७) कार्यालयमा रहेका जिन्सी तथा सवारी साधनहरुको पारदर्शी एवं व्यवस्थित प्रयोग गर्ने कार्यलाई अगाडी बढाइनेछ । जिन्सी निरिक्षणवाट प्राप्त प्रतिवेदनको पुर्ण रुपमा कार्यान्वयन गरिनेछ । पुराना सवारी साधन तथा दमकलहरु लिलाम बिक्री तर्फ प्रक्रिया अगाडि बढाई नयाँ खरिदमा नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय समक्ष योजना पेश गरि तथा नगरपालिकाको आन्तरिक श्रोतवाट भ्याएसम्मको पहल गरिनेछ ।

६८) पर्यटन, उद्योग, बजार, कृषि लगायतको सूचना प्रवाहको कार्य गर्ने गरी नगरपालिका सूचना केन्द्र सञ्चालन निर्देशिका, २०६३ बमोजिम खोलिएको नगर सूचना केन्द्रलाई समयानुसार व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ । साथै नगरपालिकाबाट सम्प्रेषण हुने सूचनाहरु नगर सूचना केन्द्र मार्फत सम्प्रेषण हुने व्यवस्था मिलाइनेछ ।

६९) नगरपालिका क्षेत्र तथा नगरपालिकासँग सम्बन्धित कार्यालयहरु बिच सूचना प्रवाहको सञ्जाल इन्टरनेट तथा इन्टानेट सुविधा नगरपालिकालाई निःशुल्क उपलब्ध गराउन नेपाल टेलिकमसँग आवश्यक पहल गरिनेछ । साथै न.पा.क्षेत्र भित्र निःशुल्क Wifi सेवा उपलब्ध गराउनका लागि अध्ययन गरिनेछ ।

७०) नगरपालिकाको शाखा तथा उपशाखाहरु बिचमा कार्यमूलक अन्तरसम्बन्धको विकास गरी दैनिक काम कार्वाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कर्मचारी बैठकलाई निरन्तरता दिइनेछ ।

## *आर्थिक तथा राजस्व परिचालनतर्फ कार्यान्वयनका लागि तयार गरिएका नीति*

७१) नगरपालिकाको प्रमुख आयस्रोतको रुपमा रहेको एकीकृत सम्पत्ति करलाई अझ व्यवस्थित बनाई नगरका सम्पूर्ण जग्गा तथा भौतिक निर्माणलाई समेट्नका लागि निरन्तर पहल गरिनेछ ।

७२) नगरपालिकाले उठाउँदै आएको विभिन्न कर संकलनलाई व्यवस्थित बनाई व्यवसाय कर संकलनमा सार्वजनिक निजी साझेदारीको नीतिलाई अवलम्बन गरिनेछ । न.पा.को वडा नं.९/१२ को अबला चित्र मन्दिरछेउदेखि झिम्की चौकसम्मको स्थानमा निर्मित पसल कवलहरुलाई नीजि क्षेत्रसँग सहकार्य गरी सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत आपसी सहमतिमा निश्चित समयावधीका लागि सम्बन्धित क्षेत्रले निर्माण गरी सञ्चालनका लागि लिजमा दिने नीति अख्तियार गरिनेछ । भद्रपुर ९ स्थित नगरपालिकाको पसल भवनलाई आधुनिक व्यापारिक भवन बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

७३) नगरपालिकाको राजस्व दरमा सामान्य वृद्धि गरी दायरालाई फराकिलो पार्दै लैजाने र असुली कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउदै लगिनेछ । साथै व्यवसाय कर, वहाल कर जस्ता व्यक्तिगत करदाताको लगतलाई एकीकृत सम्पत्ति करको सफ्टवेयरमा एकीकृत रुपमा लगत तयार गरी एकैपटकमा कर असुली गर्ने व्यवस्थाका लागि पहल गरिनेछ ।

७४) राजस्व प्रशासन शाखाबाट काटिने आयका सम्पूर्ण कर तथा शुल्कलाई कम्प्यूटर प्रणालीमा समेटी कम्प्यूटर बिलिङ्ग प्रणाली लागु गरी सेवालाई छिटो, छरितो र चुस्त बनाइनेछ । करदाताहरुलाई

सरल र सहज होस् भन्ने उद्देश्यले नगरपालिकाको आन्तरिक आयमा बढोत्तरी गर्न राजस्व प्रशासन शाखा मातहत रहेको कर संकलन टोलीलाई क्रियाशील बनाइनेछ ।

७५) पेश्की तथा बेरुजु फछ्र्यौट गर्ने कार्यलाई तिब्रता दिनका लागि दोहोरो पेश्की पूर्णतः निषेध गरिनेछ भने पुरानो पेश्की फछ्र्यौट गराउनेतर्फ विशेष पहल गरिनेछ । नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने पेश्की, बाँकी वक्यौता, बेरुजु लगायतका विषयलाई सम्बन्धित पक्षसँग पत्राचार, छलफल गर्ने एवं तोकिएको समयमा फछ्र्यौट नगर्ने व्यक्ति, संघ संस्थाहरुको कुनै पनि किसिमको सिफारिश नगर्ने नीति अख्तियार गरिनेछ । साथै हराएका, मृत्यु भएका, मानिस फेला नपरेका आदि व्यक्तिको नाउँमा भएको पेश्की रकम आ.प्र.नियमावली २०६४ को नियम २०६(४) र २०९ बमोजिम फरफारक गरी दिने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

७६) गत १९ औं नगर परिषदको निर्णयानुसार नगरपालिकाले अवलम्बन गर्दै आएको लेखा प्रणालीमा परिमार्जन गरी संस्थागत लेखा प्रणाली Corporate Accounting System (प्रोदभावी लेखा प्रणाली) लागु गर्न आवश्यक पहल गरिनेछ ।

७७) सार्वजनिक निजी साझेदारीको अवधारणालाई प्रवर्द्धन गर्दै व्यवसाय कर तथा उद्योग कर संकलन गर्ने कार्यमा झापा उद्योग वाणिज्य संघ तथा झापा उद्योग संघसँग समन्वय गरी सहकार्य गर्न नगरपालिकाबाट पहल गरिनेछ । वार्षिक सवारी कर, पटके सवारी कर तथा पार्किङ्ग शुल्क संकलन गर्नका लागि यातायात व्यवसायी संघ संस्थासँग सहकार्य गरिनेछ ।

७८) नगरपालिकाको विगत आ.व.हरुमा विभिन्न शिर्षकहरुमा आय तथा सेवा शुल्क नियमानुसार असुल गर्नका लागि लगाइएको ठेक्का स्वभाविक रुपमा संकलन हुन नसकी क्षति भएकोले उक्त समस्याको उचित समाधान तथा नगरको ठेक्का वक्यौता असुल उपर गर्नका लागि सम्बन्धित ठेक्कामा सम्बन्धित ठेकेदारले दिएको निवेदन उपर उचित छानबिन गर्दै वक्यौता रकम संकलन गर्नका लागि आवश्यक पहल गरिनेछ ।

७९) प्रस्तावित करदरबन्दीहरुमा एकीकृत सम्पत्ति कर तथा अन्य तोकिएका दरदेखि बाहेकका अन्य सम्पूर्ण वार्षिक करहरुमा अघिल्लो वर्षका लागि १० प्रतिशत जरिवाना तथा सो देखि माथिका वर्षहरुका लागि प्रतिवर्ष ५ प्रतिशतका दरले थप जरिवाना सहित ५० प्रतिशतसम्म कर असुल गर्ने रणनीति अख्तियार गरिनेछ ।

८०) स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा उल्लेख भए अनुसार प्रतेक बर्ष जिन्सी निरीक्षण गरिनेछ र सो निरीक्षण प्रतिवेदनवाट प्राप्त सुझावहरुको सामयिक कार्यान्यवन गर्दै लगिने व्यवस्था गरिनेछ ।

८१) नगरपालिका क्षेत्र भित्रका सामुदायिक/व्यापारिक भवन, पार्क, अतिथि गृह, बसपार्क तथा फोहोर मैला व्यवस्थापनजस्ता कार्य प्रकृयालाई सार्वजनिक नीजि साझेदारी अवधारण अन्तरगत संचालन गर्ने कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिईने छ ।

८२) नगरपालिकाले ठेक्का मार्फत असुल उपर गर्ने कर तथा दस्तुर ठेक्का लगाउने सन्दर्भमा अनिवार्य रुपमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम छुट मार्फत गणी महसुल तथा बैंक ग्यारेण्टीलाई पहिलो प्राथमिकता दिनुका साथै बन्द हडताल, थुनछेक भएको समयमा सो कर, दस्तुर असुल उपर हुन नसके नगरपालिकाले कुनै क्षतिपूर्ति नदिने नीति अवलम्बन गरिनेछ ।

८३) नगरका विभिन्न सम्भाव्य सार्वजनिक क्षेत्रहरुमा हुने यातायातका साधानहरुको पार्किङ्गको व्यवस्था लाई व्यवस्थित गर्न सरोकारवाताहरुसँग सहमति, सहयोग तथा सहकार्य सवारी साधन पार्किङ्ग शुल्क संकलन गर्ने कार्यलाई अगाडि बढाईनेछ साथै हाल सडक पेटीमा लाग्दै आएको हाट बजारलाई व्यवस्थित गर्न उपयुक्त अध्ययन अनुसन्धान गरिनेछ ।

